नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ७८ २०८० साल कात्तिक ३ गते शुक्रबार (20 Oct. 2023 Friday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा सांँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : चाडपर्वमा हराउँदै लोकपरम्परा.. ३ पृष्ठमा : सहायता सामग्री पुर्‍याउन ... ३ पृष्ठमा :सुपारीको उचित मूल्य...

## कमला नदीमा तत्काल डाइभर्सन निर्माण गरि संचालनमा ल्याइने : भौतिक पूर्वाधार मन्त्रि यादव



**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्रि कृष्ण प्रसाद यादवले हुलाकी राजमार्ग अन्तरगत कमला नदीमा तत्काल डाइभर्सन निर्माण गरि संचालनमा ल्याइने बताएका छन् ।

बिहीबार राजविराजस्थित पूर्वाधार विकास कार्यालय सप्तरीको उद्घाटन गर्दै मन्त्रि यादवले यस्तो बताएका हुन् । उनले हुलाकी राजमार्गहुँदै प्रदेश राजधानी जनकपुर जान कमला नदीमा भासिएको पुलका कारण निकै कठिनाई भइरहेकोले तत्काल डाइभर्सन निर्माण गरिने बताए ।

पुल निर्माणका लागि प्रदेश सरकारले पहल गरिरहेको जानकारी दिँदै मन्त्री यादवले मधेशको लाइफ लाइन मानिएको हुलाकी राजमार्ग निर्माणको प्रक्रिया अन्तिम चरण पुगेको बताए ।

विगतका सहरी विकास डिभिजन कार्यालयले सिरहा र सप्तरी दुबै जिल्लाको भौतिक निर्माणका कार्यहरु हेर्ने गरेकोले अब उपरान्त कार्यालयको नाम परिवर्तन भएपछि निर्माण भएको पूर्वाधार कार्यालयले सप्तरी जिल्लाका भौतिक निर्माणका कार्यहरु मात्र हेर्ने जानकारी दिए । यस कार्यालयले एउटा जिल्ला मात्रको कामहरु हेर्ने भएकाले छिटो, छरितो काम समेत हुने उनले विश्वास व्यक्त गरे ।

उद्घाटन समारोहमा मधेश प्रदेशका भूमी, व्यवस्था तथा कृषि सहकारी मन्त्री गोबिन्द बहादुर न्यौपानेले मधेश प्रदेशलाई कृषि क्षेत्रमा उत्पादनमुखी बनाउन ठूलो योजना ल्याउन लागेको जानकारी दिए । उनले प्रदेशमा कृषि बाहेक अन्य प्राकृतिक श्रोत नरहेकाले उत्पादनमूखी कृषि भए मधेश प्रदेशले फड्को मार्ने जिकिर गरे ।

भौतिक पूर्वाधार मन्त्रालयका सचिव अशोक साहको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यालय प्रमुख, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

## रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको अध्यक्ष तोकिए पनि नाम टुङ्गो लागेन

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

बिहीबार बसेको मन्त्रीपिषद्को बैठकले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको अध्यक्ष तोक्नुका साथै पूर्वाधार विकास समतिको म्याद समेत थप गरेको छ । यद्पी अध्यक्ष तोकिए पनि नाम भने टुङ्गो नलागेको श्रोतले जनाएको छ ।

यसअघि रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्य सुरु गराउन भन्दै आक्रोशित स्थानीयवासीले गत शुक्रबारदेखी थालेका रिले अनशनप्रति विभिन्न सामाजिक संघ संस्थाहरुले एक्यबद्धता जनाएका थिए ।

मंगलबार जनमत पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका प्रतिनिधीसभाका सदस्य डा. सिके राउत तथा मधेश प्रदेशका शिक्षा मन्त्रि महेश प्रसाद यादव सहितको टोली अनशन स्थलमा पुगी अनशनकारीलाई भेटेर माँग पुरा गराउन आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

हाल प्रतिष्ठान निर्माणस्थलमा बोर्ड राख्ने, जग्गा तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु केही काम भएको छैन । एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजबिराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो ।

यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजबिराज नगरपालिका १० बिरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

प्रतिष्ठानको गजेन्द्र नारायण सिंह अस्पतालको एउटा कोठा लिएर संचालनमा ल्याइएको पुर्वाधार तयारी विकास समितीको कार्यालय अहिले बोर्डमा मात्र सिमित भएको छ । समितीका अध्यक्ष डा.रोहित पोखरेल प्रदेश सभाको निर्वाचनमा उम्मेदवार बनेपछी अध्यक्ष पद खाली थियो । गजेन्द्र नारायण सिंह अस्पतालका तत्कालिन मेडिकल

बाँकी तीन पृष्ठमा

## मधेश प्रदेशलाई २२ जिल्लामा बिस्तार गर्न अभियान चलाउने : नेता महतो



**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले आठ जिल्लामा सीमित मधेस प्रदेश अब मेचीदेखी महाकालीसम्म २२ जिल्लाको अधिकार सम्पन्न मधेस प्रदेशमा बिस्तार गर्न अभियान चलाउने बताएका छन् ।

लोसपा नेपाल जिल्ला कमिटि सप्तरीद्वारा राजविराजमा बिहीबार आयोजित बिजया दशमी, शुभ दिपावली एवम् छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

उनले भने "आठ जिल्लामा सीमित प्रदेशको नामकरण त गरियो बास्तबमा ८ जिल्ला मात्रै मधेस प्रदेश हो, हामी कदापि यसलाई स्वीकार्दैनौं ।" उनले गजेन्द्रनारायण सिंहको भुमि सप्तरीबाटै मधेसवाद नाराका साथ मेची महाकाली अभियान कार्यक्रमको घोषणा साथ अगाडी बढ्न कार्यकर्ताहरुलाई निर्देशन समेत दिए ।

नेता महतोले संघियता आएको ७ बर्षको अवधीमा कुनै न कुनै माध्यमबाट जिल्लामा सिडियो र एसपी नै हावी रहेकोले सबै निकाय संघीय सरकारकै कन्ट्रोलमा रहेको कुरा संबिधानको बिरुद्ध रहेको आरोप लगाए ।

उनले संबिधानमा उल्लेखित कृषि ज्ञानकेन्द्र, मालपोत कार्यालय र नापी कार्यालय सबै स्थानीय तहमार्फत नै हुनुपर्ने उल्लेख भएपनि हाल संघीय सरकारकै अधिनमा रहनु दुःखद रहेको बताए । नेता महतोले ७० बर्षमा ७ वटा संविधान बने पनि मधेसी, आदिवासी, जनजाति, मुस्लिम लगायत बर्गहरुले हालसम्म पनि अधिकारबिहीन रहेको उल्लेख गरे ।

जिल्ला अध्यक्ष सुनिलकुमार झाको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीका उपप्रमुख शम्भु कुमार यादब, पुर्व सांसद चन्द्रकान्त चौधरी, रुपनी गाउँपालिका अध्यक्ष दिनेश यादब, छिन्नमस्ता गाउँपालिका अध्यक्ष बिद्यानन्द चौधरी, महदेवा गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डल, राजविराजका निवर्तमान नगरप्रमुख शम्भु यादब, निवर्तमान नगरउपप्रमुख साधना झा लगायत पार्टीका नेता कार्यकर्ता उपस्थित रहेको थियो ।

## पत्रकार साहलाई हातपात गर्ने पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

नेपाल प्रेस युनियन शाखा सप्तरीका केन्द्रीय पार्षद संजिवबिक्रम साहलाई हातपात गर्ने जनमत पार्टीका कार्यकर्ता बिहीबार साँझ पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा नेपाल पत्रकार महासंघका सभापति श्रवणकुमार देव, सचिव रामनारायण विश्वास, केन्द्रिय सदस्य ललिता साह, युनियनका सभापति बिनयलाल कर्णसँगै गएका पत्रकार साहले लिखित उजुरी दिएपछि प्रहरीले जनमत पार्टीका कार्यकर्ता अमरेन्द्र यादव र अनिल यादवलाई पक्राउ गरेको हो ।

जिल्लाको डाक्नेश्वरी नगरपालिकामा पोखरी ठेक्का विवादको क्रममा स्थानियहरुले गरिरहेको आन्दोलनमा रिपोर्टिङ गर्न गएका रेडियो नेपालका सप्तरी सम्वाददाता तथा माई सञ्चार डटकमका संचालक, नेपाल पत्रकार महासंघ सप्तरीका सदस्य समेत रहेका पत्रकार साहलाई हातपात बुधबार

बाँकी अन्तिम पृष्ठमा

चाडपर्वको बेला सुरक्षित यात्रा गरौ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,
- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### चाड पर्वसँगै लामखुट्टेको प्रकोप बढ्यो

चाड पर्व र मौसम परिवर्तनसँगै अहिले लामखुट्टेको प्रकोप बढ्न थालेको छ । लामखुट्टेका कारण राजविराज नगरका मुख्य सडकहरुमा बस्न र हिंडडुल गर्न समेत समस्या हुनथालेको छ । जाडोको मौसम आगमन हुनै लाग्दा लामखुट्टे र विभिन्न प्रकारका किराहरुको प्रकोपमा पनि बृद्धि भएको छ । यता चाड पर्वमा बेला यसरी विभिन्न किरा तथा लामखुट्टेको प्रकोप बढ्न थालेपछि घर आएका नगरवासीहरु समेत समस्यामा परेका छन् ।

राजविराज नगरपालिकास्थित विभिन्न सडक छेउमा रहेको नालाहरुलाई ढाकिने स्ल्याप नरहेकोले पनि सो नालामा जमेको पानी र फोहरका कारण लामखुट्टेको प्रकोप बढेको छ । विगतका वर्षहरुमा जिल्ला जनस्वास्थ्य कार्यालय र नगरपालिकाको समन्वयमा लामखुट्टे नष्ट गर्ने औषधी छर्किने गरिन्थ्यो । तर, धेरै दिनदेखि सम्बन्धित निकायले सो तर्फ ध्यान पुऱ्याएको देखिन्न् ।

तसर्थ लामखुट्टेबाट जिल्लावासीलाई छुटकारा दिलाउन सम्बन्धित निकायले बेलैमा ध्यान पुऱ्याउनु पर्छ ।

# चाडपर्वमा हराउँदै लोकपरम्परा : न 'झिझिया नृत्य' न 'दसैंके ढोल'

**गोपालप्रसाद बराल**

महोत्तरी, २ कात्तिक (रासस) ।

यसपालिको दशहारा (दसैं) पर्व नजिकिंदै गर्दा पनि तराई-मधेशका टोल बस्तीमा 'झिझिया' को लय सुन्न पाइँदैन भने 'ढोल' को आवाज पनि सुनिंदैन । दशहारा पर्वमा घटस्थापनाकै दिनदेखि बस्ती/बस्तीमा बज्ने 'ढोल' अब मधेशको प्राचीन मिथिलामा हराएको छ ।

नवरात्र अवधिमै मिथिलानी (मिथिलाका नारी) ले दुष्टात्मा भगाउन खेल्ने 'झिझिया' नृत्य देखिन, सुनिन छाडेका छन् । घटस्थापनाका दिनदेखि नै बज्ने ढोल र बस्तीबस्तीमा गाइने/नाचिने झिझिया देख्न, सुन्न छाडिएको हो । मिथिला क्षेत्रमा बोलीचालीमा 'दशहरा' भनिने बडा दसैं पर्वका पुराना लोकपरम्परा केही वर्षयता हराउँदै गएका हुन् ।

दशहारा सुरु हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल (नगरा) र बस्ती/बस्तीमा गरिने झिंझिया नृत्य देखिन छाडेपछि राष्ट्रिय महत्वको यो पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएको हो । ढोल बज्न छाडेर बस्तीबस्तीमा झिझिया पनि हराउँदै गएपछि पाका पुस्ताका मैथिललाई दशहारा आएजस्तो लागेको छैन । "कहुँ ढोल बजल नई सुनैछी, न झिझिया नाच कतो दिखाइय" (कतै ढोल बजेको सुनिदैन, न झिझिया नाच नै देखिन्छ) महोत्तरीको भङ्गाहा नगरपालिका-५ धतियाटोल सीतापुरका ८० वर्षीय झौली भण्डारी माली भन्नुहुन्छ, "दशहारा पावैन आयल बुझाइए न रहल अई" (दसैं पर्व लागेजस्तो नै बुझिन्न) । बस्तीमा ढोल नबजेको र राती झिझियाको लय सुन्न नपाइएपछि दसैं लागेको भनक नै नपाइएको भण्डारीको भनाइ छ ।

महोत्तरीसहितका मिथिलामा दसैं पर्वको नवरात्र सुरु भएसँगै बस्तीका घर/घरैजसो 'दसैंके ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल र राती महिलाले सामुहिक रुपमा गीत गाउँदै नाचिने झिझिया देख्न छाडिएपछि भण्डारीजस्तै यस भेगका सर्वसाधारणले चिन्ता जनाएका छन् । "बौवा, पुरान परम्परा सब हेराय लागल, चिन्ता लगैय जे आब हमर कि पहिचान रहत ?" (बाबु, पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब हाम्रो के पहिचान रहला ?) । जिल्लाको सदरमुकामसमेत रहेको महोत्तरीकै जलेश्वर नगरपालिका-५ चौडिया बस्तीका ७५ वर्षीय रहिमन मण्डलले मैथिलीमा भन्नुभयो ।

दसैं पर्वको घटस्थापनाकै दिन बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै 'दसैंके ढोल' भनेर कराउँदै हिंड्दा ससाना नानीहरु उनका अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्यकथा जस्तै भएको बुढापाका बताउँछन् । लोक परम्पराका 'ढोल' र 'झिझिया' नबज्दा, नगाइँदा दसैं लाग्यो, दसैं आयो भन्ने लाग्ने नगरेको पाका मैथिल बताउँछन् ।

त्यसैगरी नवरात्र सुरु भएकै दिन मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा जादुमय तरिकाले नाच्ने नृत्याङ्गनाहरुको समूह पनि अब देखिन छाडेको छ । 'तोहरेलागि झिझिया बनैली हो बरमबाबा...!' को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रम्हस्थान) स्थलमा पुगेर दसैंमा मिथिलानीहरुले सुरिलो भाखामा गाउँदै फनफनी आफूलाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेपछि बुढापाका मैथिलको चिन्ता बढेको हो ।

पछिल्ला केही वर्षयता लोकपरम्पराको 'झिझिया' नृत्य गैरसरकारी सङ्घसंस्थाका कार्यक्रम भने बनेका देखिन्छन् । तिनै सङ्घसंस्थाको मञ्चमा हुने कार्यक्रमलाई अचेल हामीले 'मिथिलामा झिझियाको रौनक' शिर्षक दिएर ठूलठूला अक्षरमा सञ्चारमाध्यममा पस्कने गरेका भङ्गाहा-४ रामनगरका बासिन्दा सञ्चारकर्मी (पत्रकार) रामईश्वर ठाकुर बताउनुहुन्छ ।

गाउँनगर बस्तीका पाका चमार जातिका अगुवा बुढ्याँइले हिडडुल गर्न छाडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैंको ढोल बज्न छाडेको हो । "कि करु हजुर, जबतक शरीर साथ देलक तबतक ढोल बजैली, आब बेटा/पोता ढोल बजाब नइ चाहैय, कि करु ?"(के गरौं हजुर, जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाहँदैनन्, के गरौ ?) भङ्गाहा-५ धतियाटोलकै ७५ वर्षीय अच्छेलाल महरा (चमार समुदायका अगुवा) बताउनुहुन्छ । दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अन्य अरब राष्ट्र जान थालेपछि पुर्ख्यौली रितिथिति र पेशा थाम्ने कुरा ओझलिएको चमार जातिका पाका उमेरका अगुवा बताउँछन् ।

त्यसैगरी असुर प्रवृतिविरुद्ध सात्विक प्रवृति र असत्यमाथि सत्यको बिजयका रुपमा मनाइने दसैं पर्वमा झिझिया नृत्य मिथिला क्षेत्रको प्रमुख आकर्षण रहँदै आएको थियो । "दसैं लागेपछि प्रत्येक रात बस्तीका महिलाहरु सहभागी हुने झिझिया नृत्य पछिल्ला केही वर्षयता सुनिन, देखिन छाडेको छ" महोत्तरी जिल्लाकै भारतीय सीमावर्त्ती मटिहानी-७ का सामाजिक कार्यकर्ता रामकुमार मण्डलले भन्नुभयो ।

पछिल्ला केही वर्षयता गाउँ/नगर बस्तीमा डिस्को बाजासँगै कर्कस स्वरमा बजाउन थालिएको गीत र त्यसको तालमा उफ्रँदै नाच्ने जमातप्रति मण्डलको चित्त दुखाइ छ । "हाम्रो आफ्नै परम्परामा मनोरञ्जनका साधन र विधि छन्, हाँस्न, खेल्न तिनको अनुशरण गरे त भयो नि !" मण्डलले भन्नुभयो, "तर अब हाम्रा मनोरञ्जनका विधि सबै छोडिदै गएका छन् ।"

दसैं लागेपछि अघि सत्य युगमा देवी दुर्गाबाट पराजित भएका दुष्टात्मा टोल बस्तीमा प्रवेश गरेर सर्वसाधारणलाई दुखः दिन सक्ने रुढी विश्वासका आधारमा त्यस्ता आत्मालाई प्रवेश गर्न नदिन मिथिलानीहरुले राति जाग्राम रही ग्राम देवतालाई पुकारा गर्दै गाउने गीत र नृत्यलाई 'झिझिया' भनिन्छ ।

असङ्ख्य ससाना प्वाल पारिएको माटोको गाग्रो (घैंटो) भित्र बत्ती बालेर एकजना फनफनी नाच्दै घुम्ने र अरुले गीत गाउँने गरेको यो पुरानो संस्कृति नयाँ पुस्ताका छोरी बुहारीले नअँगालेपछि यो लोप हुने स्थितिमा पुगेको अगुवा महिला नै बताउँछन् । "हुन त यो अन्धबिश्वासको परम्परा हो" भङ्गाहा नगरपालिकाका उपप्रमुख शान्तिदेवी सिंह थारु भन्नुहुन्छ, "तर मिथिला संस्कृतिको अभिन्न अङ्ग भनिने गरिएकाले यसलाई परिमार्जित गर्दै संरक्षण गर्न जरुरी छ ।" तान्त्रिक विधिको यो गीत-नृत्य अब एक समयको कथाजस्तो बनि सकेको उपप्रमुख थारुको थप भनाइ छ ।

मिथिलामा हराउँदै गएको यो संस्कृतिलाई केही वर्षयता गैरसरकारी सामाजिक सङ्घसंस्थाहरुले यदाकदा देखाउने गरेका भएपनि जनमनबाट भने हराउँदै गएको यहाँका बुद्धिजीवीको भनाइ छ । "यो औपचारिक कार्यक्रममा मञ्चन गरिने होइन, संस्कृतिसँग जोडिएको कुरा हो" महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण बिद्यापिठका उपप्राध्यापक मनोज झा मुक्तिले भन्नुभयो, "गैरसरकारी संस्थाले मञ्चमा मञ्चन गरेर यो थेगिदैन, जनमनले नै थेग्नुपर्छ ।" मिथिला

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय
पातो, सप्तरी**

### *चाडपर्वमा हराउँद ...*

संस्कृतिको अभिन्न अङ्ग मानिएको झिझिया गीतको नृत्यलाई जिवन्त राख्न पछिल्लो पुस्ताले चासो बढाउन झासहितका बुद्धिजीवीको सुझाव छ।

अब झिझियाको लयमा नारी शिक्षाको अवस्था, सुरक्षा अवस्थाको चुनौती र वर्तमान परिवेशसँग मेल खाने भाव समेटेर यसलाई परिष्कृत गर्न पर्ने अगुवा मिथिलानी बताउँछन्। यस्तो गर्न सकिएमा लोकपरम्पराको जगेर्ना र वर्तमान आवश्यकताको कुरा व्यक्त हुनसक्ने भङ्गाहा-३ कटैयाकी रामराजी यादवको भनाइ छ। "नयाँ पुस्ताका युवा छोरी-चेलीहरु वास्ता देखाउँदैनन्' यादवले भन्नुभयो-, 'अब त झिझिया भन्ने कुरा कुनै जमानाको कथा जस्तो गरी सुनाउने स्थिति भइसक्यो, यो अवस्था अन्त्यका लागि हामीले नै पहलकदमी लिनपर्छ।"

'चलचल गे डैनिया कदम तर तोरा बेटाके खैबौ बरमतर' (अरे दुष्टात्मा तँ अगाडि कदमको रुखतिर त बढ, तेरो छोरालाई त्यहीं ब्रह्मस्थान नजिक हामी खानेछौं) दुष्टआत्माकी भनिएकी कथित बोक्सीलाई सतोसराप गर्दै गाइने यी गीत र यसको तालमा नाचिने झिझिया नृत्यलाई यसैको ताल र लयमा नयाँ परिवेशसँग मिलाएर अघि बढ्न पर्ने आवश्यकता अब औंल्याउन थालिएको छ। "अब डायनी, बोक्सी भनेर गाली गरिने यी गीतको भावमा अधिकार प्राप्तिका लागि सचेतता बढाउँने, रुढी परम्पराको ठाउँमा समानता र न्यायका पक्षका लडाँइका भाव मिलाउनु पर्छ" बर्दिबास-१२ बिजलपुराकी महिला नेतृ गीतादेबी महतो भन्नुहुन्छ, "झिझियालाई यसरी परिष्कृत गर्दै अघि बढे यसलाई मुलुकको समानता र न्यायको आन्दोलनकै अङ्ग बनाउन सकिनेछ।"

झिझिया गीतमा देवी दुर्गाको प्राथना, बोक्सी भनिने दुष्टआत्मालाई गाली र सन्तानको कल्याण र दीर्घायुको कामनाको भाव हुन्छ। गीतको तालमा असङख्य प्वालैप्वाल भएको घैंटो टाउकामा राखेर नाच्ने महिलाको नृत्यताल मनमोहक हुने गर्छ। भित्र बत्ती बालिएको सो घैंटोमा पारिएका प्वाल दुष्टआत्माले गन्यो भने नाच्नेको मृत्यु हुने भनाइ रहेकाले नाच्ने महिला फनफनी नाचेर प्वाल गन्न नसकिने अवस्था बनाउँछन्। मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिने यो परम्परा अब लोप हुने अवस्थामा पुगेको हो।

पुरानो यो लोकसंस्कृति कायम राख्न अब यसलाई समयअनुसार परिष्कृत गर्दै अघि बढ्नु पर्नेमा पाका मैथिल पनि सहमत देखिन्छन्। यो अभिभारा नयाँ पुस्ताले उठाउन पर्ने पाका मैथिलको सुझाव छ। दसैं पर्वको मैथिल लोकपरम्पराको 'ढोल' र 'झिझिया' जिवन्त राख्न नयाँ पुस्ताको चासोबिना सम्भव नहुने मैथिल बुद्धिजीवी बताउँछन्। "यो परम्परा धान्दै आएका पुरानो पुस्ताका हरु अब शरीरले नै लाचार भए, उनीहरुले चाहेर पनि गर्न सक्दैनन्" राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनाथ बनरझुल्ला (बर्दिबास-९) का प्रधानाध्यापक हरिदेव महतो भन्नुहुन्छ, "हाम्रा विशिष्टता झल्काउने रितिथिति, परम्परा थेग्न, त्यसलाई प्रबर्द्धन गर्न नयाँ पुस्ताको चासो आवश्यक भएको हो।" यसरी यी परम्परा जोगाई राख्न तीभित्रका जडतालाई परिष्कृत गर्दै समयअनुसारको भाव जोड्नसके यो बचाउन सकिने महतोको राय छ।

### *रामराजा स्वास्थ्य ...*

सुपरिटेण्डेण्ट एवं प्रतिष्ठानका कार्यकारी निर्देशन डा.रञ्जित कुमार झा समेत सरुवा भएर अन्यत्र गएपछि १ वर्ष यता कार्यकारी निर्देशकको पद समेत रिक्त छ। यस्तै प्रष्ठिानमा कार्यरत ३ जना कर्मचारीको करार म्याद सकिएपछी प्रतिष्ठान कर्मचारी विहीन बनेको छ।

प्रतिष्ठानको पुर्वाधार तयारी विकास समिती कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म १६ करोड १० लाख रुपैया बजेट विनियोजन भएको छ। जस मध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको छ भने १२ करोड ९३ लाख ५२ हजार रुपैया खर्च हुन नसकेर फिर्ता भएको बताइएको छ। कुल ११ अर्ब ९८ करोड रुँपैयाको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू बन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू बन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**

## विश्व समाचार

# सहायता सामग्री पुर्‍याउन गाजा सीमा खोल्ने सम्झौता

गाजापट्टी (प्यालेष्टिनी अधिनस्थ क्षेत्र), २ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार युद्धग्रस्त गाजामा अत्यन्त जरुरी मानवीय सहायता पुर्‍याउन अनुमति दिने एक सम्झौता सुरु गर्नुभएको छ। गाजाबाट इजराइली हमलाका बीच १० लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छोडी भागेका छन्।

इजराइलमा प्रत्यक्ष भेटवार्ता र इजिप्टसँग गहन टेलिफोन वार्तापछि इजिप्टबाट गाजामा प्रवेश गर्नका लागि बन्द भएको रफाह पार गर्न शुक्रबारदेखि सीमित सङ्ख्यामा ट्रकहरूलाई अनुमति दिइने बाइडेनले बताउनुभयो।

अक्टोबर ७ यता गाजामा प्रवेश गर्ने यो पहिलो अन्तर्राष्ट्रिय राहत हुनेछ। अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूह हमासले इजराइलमा आक्रमण गर्दा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयको मृत्यु भएको छ भने हमासले करिब दुई सयलाई बन्धक बनाएको छ।

त्यसयता इजराइलले प्यालेस्टिनी क्षेत्रलाई घेरा हालेको छ र हवाई हमला सुरु गरेको छ। साथै प्यालेस्टिनी क्षेत्रमा नाकाबन्दी लगाएको छ र अपेक्षित जमिन आक्रमणको तयारीका लागि दशौं हजार सेनालाई सीमामा परिचालन गरेको छ।

संयुक्त राष्ट्रसङ्घ र मानवतावादी समूहहरूले गाजामा सैन्य पकडलाई कम गर्न पानी, खाद्यान्न, इन्धन र औषधिहरूको आपूर्तिको अनुमति दिन आग्रह गरेका छन्।

राष्ट्रसङ्घीय मानवअधिकारवादी शीर्ष अधिकारी मार्टिन ग्रिफिथ्सले बुधबार गाजामा स्थिति गम्भीर रहेको भन्दै घाइतेले अस्पताल भरिएको, तीन हजार गाजावासी मारिएको र १२ हजार पाँच घाइते भएको बताउनुभयो। "मृत्यु, पीडा र विनाशको गतिलाई बढाइँचढाइँ गरेर भन्न सकिन्न", उहाँले भन्नुभयो।

विनाशका बावजुद गाजामा प्रवेशका लागि इजिप्टतिरको सीमा क्षेत्रमा एक सयभन्दा बढी ट्रक लाइन लागेका छन्। इजराइलले सहायता सामग्री पुर्‍याउने निहुँमा हतियार हमासको हातमा पुग्न सक्ने चिन्ता व्यक्त गरेको छ। दशकौंदेखिको सङ्घर्षको यो चरण सुरु भएपछि इजराइलले सीमापार क्षेत्रमा कयौं हवाई हमला गरिसकेको छ।

सीमामा नियन्त्रण गरेको इजिप्टलाई प्रवेशद्वार खोल्दा दशौं हजार शरणार्थी आफ्नो भूमिमा आउने चिन्ता छ। अमेरिकी राष्ट्रपति बाइडेनले सुरुमा करिब २० वटा ट्रक गाजामा प्रवेश गर्ने र सबै पक्षबीच सहमति भए अरु ट्रक पठाइने बताउनुभयो।

"हामी सम्भव भएसम्म धेरैभन्दा धेरै ट्रकलाई बाहिर पठाउन चाहन्छौं", उहाँले भन्नुभयो, "यदि हमासले ट्रकलाई नियन्त्रणमा लिन्छन् र लक्षित स्थानमा पुर्‍याउन दिँदैनन् भने ट्रक पठाउने काम यहीँ बन्द हुन्छ, हामी हमासलाई कुनै पनि मानवीय सहायता पठाउने छैनौं।"

इजराइली अधिकारीहरूले डेलिभरी खाद्यान्न, पानी र औषधिसम्म सीमित हुने भन्दै उक्त सामग्रीको प्रयोग हमासले गर्ने छैन भन्ने सर्त भएको बताएका छन्। राष्ट्रसङ्घीय अधिकारी ग्रिफिथ्सले गाजामा मानवीय सहायता पूरा गर्नका लागि प्रतिदिन एक सय ट्रकको आवश्यकता रहेको बताउनुभयो।

# रुसले गाजामा २७ टन मानवीय सहायता पठायो

मस्को, २ कात्तिक (रासस/एएफपी)।

रुसले बिहीबार गाजापट्टीमा सर्वसाधारणका लागि इजिप्टबाट २७ टन मानवीय सामग्री पठाएको मस्कोको आपत्कालीन मन्त्रालयले बताएको छ। "मस्को नजिकैको रामेन्स्कोये विमानस्थलबाट इजिप्टको अल-अरिशतर्फ एक विशेष विमानले उडान भरेको छ, गाजापट्टीमा पठाउनका लागि रुसी मानवीय सामग्री इजिप्टको रेड क्रिसेन्टलाई हस्तान्तरण गरिने छ", उपमन्त्री इल्या डेनिसोभले एक विज्ञप्तिमा भन्नुभयो। उहाँका अनुसार मानवीय सामग्रीमा गहुँ, चिनी, चामल र पास्ता रहेको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार युद्धग्रस्त गाजामा अत्यन्त जरुरी मानवीय सहायता पुऱ्याउन अनुमति दिने एक सम्झौता सुरु गर्नुभएको छ। गाजाबाट इजराइली हमलाका बीच १० लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छोडी भागेका छन्। इजराइलमा प्रत्यक्ष भेटवार्ता र इजिप्टसँग गहन टेलिफोन वार्तापछि इजिप्टबाट गाजामा प्रवेश गर्नका लागि बन्द भएको रफाह पार गर्न शुक्रबारदेखि सीमित सङ्ख्यामा ट्रकहरूलाई अनुमति दिइने बाइडेनले बताउनुभयो।

# होन्डा र जीएमको सन् २०२६ मा चालकरहित ट्याक्सी बनाउने योजना

टोक्यो, २ कात्तिक (रासस/एएफपी)।

जापानको होन्डा र अमेरिकाको जनरल मोटर्स (जीएम) ले सन् २०२६ मा टोक्योमा चालकरहित ट्याक्सी सेवा सुरु गर्ने योजना बनाएको बिहीबार घोषणा गरेका छन्। यसले बृद्धहरूको सङ्ख्या बढी भएको जापानमा श्रम अभावको समाधानमा सहयोग गर्ने बताइएको छ। होन्डाले विज्ञप्तिमार्फत सान फ्रान्सिस्कोमा रहेको सेल्फ ड्राइभिङ कार अपरेटर क्रुजद्वारा सहविकास गरिएको यो परियोजनाले जापानमा नयाँ प्रकारको गतिशीलताको अनुभव प्रदान गर्ने बताएको छ।

"यो एउटा उन्नत गतिशील समाज प्राप्तितर्फ एउटा मुख्य कदम हुनेछ", होन्डाका प्रमुख कार्यकारी तोसिहिरो मिबेले भन्नुभयो। यो परियोजनाले ट्याक्सी र बस ड्राइभरको कमीजस्ता जापानले भोगिरहेको सामाजिक मुद्दालाई पनि सम्बोधन गर्न सहयोग गर्ने लक्ष्य लिएको होन्डाले जनाएको छ। तीब्ररूपमा बृद्धहरूको बढिरहेको जनसङ्ख्या र श्रमको कमीसँग लगातार सङ्घर्ष गरिरहेको जापान सरकारले स्वायत्त सवारीलाई प्रश्रय दिँदै आएको छ।

सन् २०२० मा केही परिस्थितिमा पूर्ण नियन्त्रण गर्न सकिने सक्षम सवारी साधनहरूलाई सार्वजनिक सडकमा चलाउन अनुमति दिने मुलुकमा जापान पहिलो बनेको थियो। टोयोटा र निसानजस्ता सवारी साधन निर्माता कम्पनीले पनि स्वचालक बस तथा ट्याक्सीको परीक्षण गरिरहेका छन्।

# सुपारीको उचित मूल्य नपाएको किसानको गुनासो

झापा, २ कात्तिक (रासस)।

कोशी प्रदेशका किसानले विदेशी सुपारीका कारण स्वदेशी सुपारीले उचित मूल्य नपाएको गुनासो गरेका छन्।

झापा, इलाम, मोरङ, उदयपुर र सुनसारी जिल्लाका सुपारी किसानले सरकारले निर्यातलाई भन्दा आयातलाई प्राथमिकतामा राखेकाले स्वदेशी सुपारीले उचित मूल्य नपाएको आज पत्रकार सम्मेलनमार्फत जानकारी गराएका हुन्।

नेपाल सुपारी खेती किसान पहल समितिका संयोजक गीताप्रसाद अधिकारीले किसानले उत्पादन गरेको सुपारी सोझै तेस्रोमूलुक निर्यात गर्न पाउनुपर्ने बताउनुभयो। उहाँले नेपालमा सुपारी खेतीको बिस्तारमा सरकारले चासो देखाए पनि निर्यातलाई सहज नबनाउँदा किसान समस्यामा परेको बताउनुभयो।

"काँचो सुपारी सोझै तेस्रो मूलुक निर्यात गर्न हामीले सहजै पाउनुपर्छ", अधिकारीले भन्नुभयो, "हाम्रो मागलाई बेवास्ता गरेमा दश लाख बढी सुपारी किसान एकैपटक आन्दोलनमा उत्रिन्छौँ।" उहाँले सुपारी किसानले कृषि विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छलफल गर्दै आफ्ना माग पटकपटक राखिसकेको जानकारी दिनुभयो।

अर्जुनधारा नगरपालिकामा बिगत ३० वर्षदेखि सुपारी व्यवसाय गर्दै आउनुभएका सरेन्द्र साहले बिलौचियामार्फत स्थानीयस्तारमा उत्पादित राम्रो सुपारी भारत जाने र भारतको नराम्रो, कुहिएको सुपारी उनीहरुमार्फत नेपाल आउँदासम्म पनि सरकारले बेवास्ता गरेको गुनासो गर्नुभयो। सुपारी किसानको नाममा बिभिन्न संस्था खोलेर बिचौलिया हाबी हुँद किसान मर्कामा परेका उहाँको भनाइ थियो।

झापा, मोरङ, सुनसरी, उदयपुर र इलाममा चार हजार ५४ हेक्टरमा सुपारीको व्यावसायिक खेती हुँदै आएको छ। आर्थिक बर्ष २०७९/८० मा कोशी प्रदेशमा १४ हजार पाँच सय ६१ मेट्रिक टन सुपारी उत्पादन भएको थियो।

# निर्माण व्यवसायीको ६ अर्ब भुक्तानी हुने

काठमाडौँ, २ कात्तिक (रासस)।

गत आर्थिक वर्षमा दायित्व सिर्जना भइ भक्तानी बाँकी रहेको निर्माण व्यवसायीहरुको रु छ अर्ब भुक्तानी हुने भएको छ।

निर्माण व्यवसायीको भुक्तानी पाउने गरी अर्थ मन्त्रालयले नीतिगत निर्णय गरी सम्बन्धित कार्यालयमा परिपत्र गरिसकेको छ। उक्त भुक्तानी दसैँअघि नै निर्माण व्यवसायीका खातामा जाने गरी व्यवस्था गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बिभिन्न मन्त्रालय अन्तर्गतका परियोजनामा अघिल्लो आवको दायित्व भुक्तानी निकासा दिने निर्णय भएको जानकारी दिनुभयो।

### *पत्रकार साहलाई ...*

साँझ उनीहरुले हातपात गरेका थिए।

यसैबीच नेपाल प्रेस युनियन सप्तरीका सचिव रामानन्द देवद्वारा बिहीबार विज्ञप्ति जारि गर्दै प्रेस स्वतन्त्रता प्रति प्रतिबद्धता जनाएका राजनीतिक दलकै कार्यकर्ताबाट पत्रकार असुरक्षित हुनु दुःखद र निन्दनीय रहेको भन्दै विज्ञप्तिमा रिपोर्टिङ गर्न गएका पत्रकारमाथि हातपात गरिएको घट्नाको घोर भर्त्सना गरिएको छ।

विज्ञप्तिमा घट्नाले प्रेस स्वतन्त्रताको धज्जी उडाएको ठहर गर्दै प्रेस स्वतन्त्रता बिरोधी एवं निर्बिवाद रुपमा समाचार संकलन गर्न पाउनु पर्ने पत्रकारको स्वतन्त्र अधिकार हनन् गरिएको घट्नामा संलग्नहरुलाई अविलम्ब छानविनको दायरामा ल्याई कड़ा कारबाही गर्न सम्बन्धित निकाय र सरोकारवालसँग माग गरिएको छ।

यस्तै नेपाल पत्रकार महासंघ केन्द्रिय महासचिव रोशन पुरीले बिहीबार विज्ञप्तिमार्फत पत्रकारलाई हातपात गर्ने कार्यको भर्त्सना गर्दै दोषिलाई पक्राउ गरि कारवाहीको माग गरेका छन्।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**राजविराज ४, सप्तरी, परिवार**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*